चापाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चापाकोट, स्याङ्जा

स्था: २०७३

पत्र संख्या: २०८१/८२

चलानी नं

गण्डकी प्रदेश, नेपाल

## तह वृद्धि सम्बन्धी सूचना।

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकार द्वारा मिति २०७९ साल फागुन १८ गते प्रकाशित स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिच्छेद ५ को दफा २७ को तह वृद्धि सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न यो सूचना प्रकाशन गरिएको छ। स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिच्छेद ५ को दफा ३० को बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका तथा दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेका कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्थानीय तहमा समायोजन भएका र कर्मचारी समायोजन पश्चात लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ स्थायी नियुक्ती भएका र आवश्यक न्युनतम योग्यता पुगेका तह वृद्धि हुन इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेवसाइट www.ocmcm.gandaki.gov.np मा रहेको तह वृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी २ प्रति तयार गरि प्रमुख प्रशासकीय अधिकृत बाट प्रमाणित गराई मिति २०८१/०९/०७ गते कार्यालय समय भित्र यंस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद कटिसकेपछी प्राप्त हुन आएका अपूरो विवरण भरी पेश भएका र तोकिए बमोजिम कागजात संलग्न नभएका आवेदन माथी कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

<u>फाराम पेश गर्दा ध्यान दिनुपर्ने विषयहरू:</u>

१. आवेदन फाराम साथ तह वृद्धिहुने भन्दा १ तह मुनीको पद वा श्रेणीमा भएको स्थायी नियुक्ती पत्रको प्रतिलिपी समायोजन भएको कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपी २/२ प्रति र दफा ४२ बमोजिम नकारात्मक सूचिमा नपरेको भनी उमेदवार स्वयमले स्व-घोषणा गरी पेश गर्नु पर्नेछ।

२. स्थानीय स्वास्थ्य सेवाको हकमा तह वृद्धिको लागि देहाय बमोजिमको शर्त पुरा भएको हुनुपर्नेछ।

क) सहायक स्तर पाँचौ तहको पदमा तह वृद्धिको लागि सहायक स्तर चौथो तहको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

E-mail: info@chapakotmun.gov.np
Tel No. 063411080/81
Website: https://chapakotmun.gov.np/
Social links: https://twitter.com/of_chapakot?s=09

# चापाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा
स्था: २०७३

पत्र संख्याः २०८१/८२
चलानी नं

गण्डकी प्रदेश, नेपाल

ख) अधिकृत स्तर छैठौं तहको पदमा तह वृद्धिको लागि सहायक स्तर पाँचौ तहको पदमा शुरु नियुक्ति भएका वा सहायक स्तर पाँचौ तहको पदमा तह वृद्धि भई सो तहको लागि चाहिने न्युनतम शैक्षिक योग्यता नभएका उमेदवारको हकमा आठ वर्ष सेवा अवधी पूरा गरेको।

ग) अधिकृत स्तर सातौं तहको पदमा तह वृद्धिको लागि अधिकृत स्तर छैठौं तहको पदमा आठ वर्ष सेवा अवधी पूरा गरेका कर्मचारीहरु मध्ये सहायक स्तर पाँचौं तहको पदमा शुरु नियुक्ति भई अधिकृत स्तर छैठौं तहको पदमा तह वृद्धि भएका।

घ) अधिकृत स्तर आठौं तहको पदमा तह वृद्धिको लागि अधिकृत स्तर सातौं तहको पदमा शुरु नियुक्ति भई पाँच वर्ष सेवा अवधी पूरा गरेको।

ङ) पछिल्लो २ आर्थिक वर्षको कार्य सम्पादन मुल्याङ्कनमा कम्तिमा उत्तम अंक प्राप्त गरेको।

३. सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ती पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ।

४. स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको परिच्छेद ५ को दफा ३१ बमोजिम तह वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

५. आवेदन फारामको सम्पूर्ण महलमा उल्लेख भए बमोजिमका विवरणहरु स्पस्ट खुलाउनु पर्नेछ।

६. आवेदन फाराम साथ तह वृद्धि हुने पद भन्दा १ तह मुनिको पद वा श्रेणीमा स्थायी नियुक्तीको प्रतिलिपी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस स्थानिय तहमा समायोजन भएको प्रमाणित प्रतिलिपी २/२ प्रति र दफा ४२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वंयमले स्व-घोषणा गरि पेश गर्नु पर्नेछ।

मितिः २०८१/०८/२४

२०८१/०८/२८

उदय राज देवकोटा
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत